टेलिफोन नं. { ४-२२८१८७
४-२२८७६६
फ्याक्स नं. ००९७७-१-४-२४०१८७

श्री ५ महाराजाधिराजको निजी सचिवालय

पत्र संख्याः–

राजदरबार,
काठमाडौं, नेपाल ।

## श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर बिक्रम शाहदेवबाट अष्ट्रेलियामा नवनिर्मित मुक्ति गुप्तेश्वर मन्दिरको प्रतिष्ठापन अनुष्ठानलाई बक्सेको शुभकामना सन्देश

२०६० साल फागुन १२ गते (२२ फेब्रुअरी २००४)

अष्ट्रेलिया महाद्वीपमा बसोवास गर्ने सनातन हिन्दू धर्मावलम्वीहरुको संगठन मुक्ति गुप्तेश्वर मन्दिर सोसाईटीको सत्प्रयासबाट देवाधिदेव महादेवको मुक्ति गुप्तेश्वर नामक मन्दिर निर्माण सम्पन्न भई प्रतिष्ठापन अनुष्ठान आयोजना हुन लागेको थाहा पाउंदा हामीलाई खुशी लागेको छ । सनातन धर्मको संरक्षण, सम्बर्द्धन एवम् प्रचार प्रसारमा योगदान गर्ने यस्ता देवस्थल तथा मन्दिरहरु निर्माण हुनु हामी समस्त हिन्दूहरुको लागि गौरवको विषय हो । शैव मन्दिरको रुपमा विश्वकै पहिलो मानवनिर्मित यस गुफा मन्दिरको निर्माणले भौतिकतातर्फ मात्र उन्मूख अहिलेको विश्वमा हिन्दू धर्मको मूल मन्त्र "वशुधैवकुटुम्बकम्"ले अङ्गालेको शान्ति, समभाव र भाइचारा जस्ता दैवी एवम् आध्यात्मिक भावनालाई जागृत गराउन सहयोग पुऱ्याउनेछ भन्ने हामीले विश्वास लिएका छौं ।

अन्तमा, यस पवित्र कार्यमा संलग्न सबैलाई सराहना गर्दै धन्यबाद दिन चाहन्छौ । श्री पशुपतिनाथका असीम कृपाले नवनिर्मित मन्दिरमा आयोजना गरिने उक्त महा-कुम्भ-भिषेकम् अनुष्ठान सफलतापूर्वक सम्पन्न होस् – यही हाम्रो शुकामना छ ।

***